2020 (रेइवा 2 साल) May 12
अध्यागमन सेवा एजेन्सी

# आवेदन लिने अवधि विस्तार तथा आवेदनको परीक्षा परिणाम प्राप्ति (रेसिडेन्स कार्ड जारी आदि) अवधि विस्तार बारे सूचना

## ○ आवेदन लिने अवधि विस्तार बारे

नयाँ कोरोना भाइरस रोग (COVID-19) को प्रभावबाट सिर्जित वर्तमान संवेदनशील अवस्थालाई ध्यानमा राख्दै, संक्रमणलाई थप फैलिन नदिनको लागि भिसा आवेदन काउन्टरमा हुने भिडभाड कम गर्ने उपाय स्वरुप, March, April, May, June र July भित्र भिसाको म्याद समाप्त हुने (※ नोट) जापानमा रहेका विदेशी नागरिकका (「डेजिग्नेटेड गतिविधिहरु (जापानबाट प्रस्थान तयारी अवधिको)」मा बसेका विदेशी नागरिक बाहेक) बसोबास योग्यता परिवर्तनको लागि आवेदन र भिसाको म्याद नवीकरणको लागि आवेदन आदि, सोहि विदेशी नागरिकका भिसाको म्याद समाप्त हुने मितिले आगामी तीन महिना सम्म लिइने छ ।

(※ नोट) जापानमा जन्मिएकाहरु लगायतका March, April, May, June र July भित्र बसोबास योग्यता प्राप्तिको लागि आवेदन दिनु पर्नेहरु समेत ।

(※ नोट) भिसाको म्याद समाप्त हुने मितिको पछाडि पुनः प्रवेश अनुमति वा विशेष पुनः प्रवेश अनुमतिको आधारमा जापानबाट प्रस्थान गर्न पाइँदैन भन्नेमा सचेत रहनुहोस् ।

## ○ आवेदनको परीक्षा परिणाम प्राप्तिको अवधि विस्तार बारे

बसोबास योग्यता परिवर्तनको लागि आवेदन वा भिसाको म्याद नवीकरणको लागि आवेदन दिइसकेका रेसिडेन्स कार्ड वाहक (मध्य तथा दीर्घकालीन निवासी) का लागि, आवेदनको परीक्षा परिणाम (रेसिडेन्स कार्ड जारी आदि), सामान्यतः भिसाको म्याद समाप्त हुने मितिले आगामी दुई महिना सम्म प्राप्त गर्न सक्ने छ, तापनि सो अवधि तीन महिना थप गरिने छ ।

संक्रमण फैलिन नदिनको लागि हतार नभएकाहरुलाई कार्यालयमा नआउन हार्दिक अनुरोध गर्दछ ।

（日本語） （English） （简体中文） （繁体中文） （한국） （BahasaIndonesia）

（Tiếng việt） （Tagalog） （Portuges） （नेपाली）

नयाँ कोरोना भाइरस (COVID-19) सम्बन्धी जानकारी यहाँ प्रकाशित गरिएको छ →
（न्याय मन्त्रालयको वेबसाइट）

**【टोक्यो अध्यागमन सेवा एजेन्सी कार्यालय बाट सूचना】**

टोक्यो अध्यागमन सेवा एजेन्सी कार्यालयमा संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रवेशमा बन्देज लगाइएको छ । भित्र प्रवेशका लागि बाहिर बसेर पालो कुर्ने व्यवस्था गरिएको छ ।